# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७७/०७८ १ नं. प्रदेश, नेपाल
च.नं.: मितिः २०७७/०७/२७

**सार्वजनिक हितका लागि चिशंखुगढी गाउँपालिकाद्धारा जारी अपिल**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भइरस (कोभिड-१९) को कारण आज विश्व ठूलो विपत्तिको चपेटामा छ। विश्वमा हालसम्म करोडौंको संख्यामा कोरोना संक्रमित एवं लाखौंको संख्यामा संक्रमितहरुको मृत्यू भईरहेको विद्यमान प्रतिकूल परिस्थितिको बारेमा हामी सबै आम सरोकारवालाहरु तथा नागरिकहरु जानकार नै छौं। यो संख्या अझै द्रुत गतिमा बढ्ने अनुमान गर्न सकिन्छ। यस प्रकारको महामारी निम्त्याउने भाइरसको संक्रमण नियन्त्रण तथा निदानका लागि हाल वैज्ञानिक चिकित्सा प्रणालीबाट उपचार गर्ने तथा गराउने पद्धतिको विकास भई नसकेको वर्तमान परिप्रेक्ष्यमा भाइरसबाट सुरक्षित हुने अचुक उपाय भनेको नै तोकिएको जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्ने, भौतिक/सामाजिक दुरी कायम गर्ने, सर्वप्रथम आफू जोगिने, आफ्नो परिवारलाई जोगाउने तथा सिंगो समाजलाई जोगाई समाज र देशप्रतिको दायित्व बोध गरी हाम्रा व्यवहारहरु सोही बमोजिम प्रदर्शन गर्नु हो। यस प्रकारको जटिल, चुनौतीपूर्ण, प्रतिकूल एवं विषम परिस्थितिमा हामी सबै आम नागरिकहरु सचेत, सजग एवं संयम हुन अत्यन्त जरुरी छ। कोरोना भाइरसको प्रभावलाई न्यून गर्न तथा मानवीय कृयाकलाप एवं व्यवहारका कारण सिर्जना हुने भयावह स्थितिलाई रोक्न हामी सबै आम नगरिकहरुको सामूहिक प्रयास र प्रतिवद्धता अति महत्वपूर्ण हुने गर्दछ।

कोरोना भाइरस (कोभिड-१९) को कारण विश्व नै आक्रान्त भइरहेको तथा नेपालमा पनि यस प्रकारको भाइरसको प्रभाव अत्यन्त द्रुत गतिमा फैलिरहेको वर्तमान अवस्थामा नजिकिंदै गरेको शुभ-दिपावली एवं छठ पर्वको पावन अवसरमा नागरिकहरुको चहलपहलमा वृद्धि हुने भएको कारण भाइरस संक्रमणको प्रभाव फैलिने सम्भावना रहेको हुँदा चिशंखुगढी गाउँपालिकाका आम नागरिकहरुमा कोरोना भाइरसको संक्रमणबाट बच्न तथा प्रभाव न्यूनीकरणका लागि सामाजिक तथा भौतिक दूरी कायम राख्दै प्रतिकूल परिस्थितिमा मनाइने शुभ दिपावली एवं छठ पर्व विगतका वर्षहरुमा मनाईएको भन्दा पृथक एवं विशेष तवरले आ-आफ्नो घरमा बसेर मनाउनका लागि अनुरोध गर्दै शुभ-दिपावली एवं छठ पर्वको पावन अवसरमा आम चिशंखुगढीबासी नागरिकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

भाइरस संक्रमणको प्रभावलाई बढवा दिने गतिविधिहरु (अनावश्यक भीडभाड, पिङ स्थापना गरी खेल्ने-खेलाउने, देउसी-भैलो कार्यक्रम, खेलकुदका कार्यक्रम, जमघट हुने प्रकृतिका धार्मिक, साँस्कृतिक एवं समाजिक परम्परा लगायतका कार्यहरु) नगर्न-नगराउनका लागि आम नागरिकहरु एवं सम्पूर्ण सरोकारवाला पक्षहरुको रचनात्मक एवं समन्वयात्मक पहल कदमीका लागि विनम्रता पूर्वक अनुरोध छ।

कानूनद्धारा बर्जित अवाञ्छित गतिविधिहरुमा (जुवा-तास, कोलाहल, हुलहुज्जत, भीडभाड, मदिराजन्य पदार्थको प्रयोगले सृजना हुन सक्ने असहिष्णु एवं असामाजिक व्यवहार, शान्ति सुरक्षामा आँच आउने कृयाकलापहरु) संलग्न नभइ शान्त तथा समुन्नत समाज निर्माणका लागि सभ्य नागरिकको परिचय दिई सोही अनुसारको व्यवहार प्रदर्शन गर्न हार्दिक अनुरोध गर्न चाहन्छौं। अवाञ्छित गतिविधि नगर्न, नगराउन तथा संलग्न नहुँन एवं समाजलाई चुनौती दिने हर्कत विरुद्ध प्रचलित कानून आकर्षित हुने व्यहोरा जानकारी गराईन्छ। यस्ता गतिविधिहरुलाई निरुत्साहित गर्नका लागि आम नगरिक, स्थानीय राजनीतिक दल, शिक्षक, कर्मचारी, सुरक्षा निकाय, समाजसेवी एवं बुद्धिजीवीहरुको सकारात्मक तथा समन्वयात्मक भूमिकाको अपेक्षा गरिएको छ।

तसर्थ हाम्रा कृयाकलाप एवं गतिविधिहरु हामी विरुद्ध नै भएको खण्डमा कोरोना भाइरसको संक्रमण समुदाय स्तरमानै फैलिने तथा विकराल एवं भयावह रुपलिने खतरा रहेको हुँदा यस प्रकारको परिस्थिति सृजना हुन नदिनको लागि जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण रुपमा पालना गरी व्यक्तिगत सामीप्यता, संसर्ग एवं भौतिक तथा सामाजिक दूरी कायम राख्नु हाम्रो अपरिहार्य दायित्व हो।

विद्यमान प्रतिकूल परिस्थितिमा चिशंखुगढी गाउँपालिकाबासी आम नागरिकहरुले प्रदर्शन गरेको सकारात्मक, रचनात्मक, सहयोगी एवं समन्वयात्मक भूमिकाको उच्च मूल्यांकन गर्दै यसको निरन्तरताको लागि गाउँपालिका परिवार कोरोना भाइरस (कोभिड-१९) विरुद्धको विश्वव्यापी लडाईंमा एकाकार हुन हार्दिक अपिल गर्दछौं।

धन्यवाद !!!

प्रमुख प्रशासकीय अधिकृत

E-mail : ito.chishankhugadhimun@gmail.com website: www.chishankhugadhimun.gov.np